# प्रेस विज्ञप्ति- २४०
# Press Release-240

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०९।०८ गते।

## लागू औषध सहित ८ जना मानिस पक्राउ

मिति २०७५/०९/०४ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला उदयपुर त्रियुगा न.पा.वडा नं. ७ बस्ने बर्ष ३२ को जकसन राई र ऐ. बस्ने बर्ष २२ को संजिब खाँती समेत गरी २ जना लाई **लागू औषध खैरो हेरोईन ५ ग्राम** सहित का.जि.का.म.न.पा.वडा नं. ३२ जडिबुटी चोकबाट पक्राउ गरिएको।

मिति २०७५।०९।०५ गते यस व्यूरोबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा जिल्ला कैलाली टिकापुर न.पा.वडा नं. १ बस्ने बर्ष २१ की बर्षा कुँवर, ऐ.ऐ. बस्ने बर्ष २२ को भुबन कार्की र ऐ.ऐ. बस्ने बर्ष २४ को अनिल जोशी समेत गरी ३ जना लाई **लागू औषध खैरो हेरोईन ३ ग्राम** सहित का.जि.का.म.न.पा.वडा नं. २६ सामाखुशीबाट पक्राउ गरिएको।

लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरको विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय काकरभिट्टा, झापाबाट खटिइएको प्रहरी टोलीले मिति २०७५।०९।०७ गते जिल्ला झापा मे.न.पा.वडा नं. ६ स्थित शिला पथ्थर होटलको १०६ न कोठामा चेकजाँच गर्ने क्रममा जिल्ला झापा मे.न.पा.६ बस्ने होटल संचालक बर्ष ४८ को लक्ष्मी प्रसाद भट्टराई र भारतको दार्जिलिङ, जिल्ला स्थित बतासी बस्ने बर्ष ५५ को खेमल मण्डल समेत गरी २ जना लाई **लागू औषध खैरो हेरोईन १९ ग्राम ५०० मिलिग्राम** सहित पक्राउ गरी आवश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय काकरभिट्टामा बुझाईएको छ।

मिति २०७५।०९।५ गते लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय पोखराबाट विशेष सूचनाको आधारमा जिल्ला कास्की पोखरा म.न.पा.वडा नं. ९ नयाँ बजार बस्ने बर्ष ३३ को राज कुमार गुप्तालाई **नियन्त्रित मनोद्विपक लागू औषध डाईजापाम- ७८ एम्पुल, बुप्रेनुर्फिन-७८ एम्पुल र फेनारगन-७८ एम्पुल, फेन्सीडिल ४ बोतल** सहित पक्राउ गरी आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय कास्कीमा बुझाईएको छ।

**निजहरु उपर आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।**

●●●

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com



**लागू औषध खैरो हेरोईन**

# प्रेस विज्ञप्ति- २३८

# Press Release-238

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ
मिति: २०७५।०९।०२ गते।

## अवैध लागू औषध चरेश सहित विदेशी नागरिक पक्राउ

मिति २०७५/०९/०१ गते दिउँसो १५:०० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौंबाट थाईएयरवेजको उडान नम्बर K06 द्वारा थाईल्याण्ड जान लागेका *क्यानेडियन नागरिक* पासपोर्ट नम्बर AG751890 बाहक बर्ष ६१ को DENIS LEPAGE ले साथमा लैजान लागेको झोला चेकजाँच गर्ने क्रममा उक्त झोला भित्र लुकाई छिपाई लैजान लागिएको अवैध ***लागू औषध चरेस २ किलो ९८५ ग्राम*** सहित पक्राउ गरिएको छ।

निज उपर यस व्यूरोबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।

●●●



फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com